United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४७ अङ्क ३ चैत्र २०७६ – असार, २०७७ Year - 47 Edition-3, March/April - June/July 2020

## सम्पादकीय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले आ.ब. २०७६।०७७ को तेस्रो चौमासिकमा सम्पादन गरिएका कार्यक्रमहरू दिगो विकासलागि शिक्षा लक्ष्य नं ४: शिक्षा, सन् २०३० राष्ट्रिय कार्यढाँचामा उल्लेखित सूचकहरूको बारेमा प्रवोधिकरणका माध्यमबाट सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यका साथ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सदस्यहरू, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग स्वीकृत कार्यढाँचा बमोजिमका सूचकहरू प्राप्त गर्न अन्तर्कृयात्मक कार्यक्रमका साथै युनेस्को आयोग अन्तर्गत रहेका विषय समितिहरू शिक्षा, विज्ञान, सामाजिक, संस्कृति, आमसञ्चार, Intergovernmental Hydrological Program (IHP) विषय र विशेष समिति हरूले कोभिड १९ को महामारीलाई विशेष ध्यानमा राखेर सम्बन्धित विषयक्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई यस अङ्कमा प्रस्तुत गरिएको छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार, सामाजिक क्षेत्रका प्रमुख विषय क्षेत्रलाई लिएर विश्व शान्ति र समृद्धिका लागि समर्पित युनेस्कोको अवधारणा तथा अभियानहरूलाई मार्गदर्शकका रुपमा लिएर अगाडि बढिरहेको छ ।

## विषयवस्तु

- युनेस्कोको नवप्रवर्तन सम्बन्धी अन्तर्कृयात्मक कार्यक्रम
- विषय समितिका बैठक तथा कार्यक्रम
- विषय समिति मार्फत गरिएका अध्ययन प्रतिवेदन
- दिगो विकासको लक्ष्य नं.४ : शिक्षा २०८७ राष्ट्रिय कार्यढाँचा प्रबोधिकरण एवम् अन्तर्क्रिया कार्यक्रम
- युनेस्कोको ३२ औं वार्षिक सभा
- विविध

## निष्कर्ष:

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको बार्षिक कार्यक्रम अन्र्तगत दिगो विकासका लक्ष्य नं. ४ मा उल्लेख भएका लक्ष्य तथा सूचकहरू प्राप्त गर्न राज्यका विभिन्न तहका सरकार बीच शैक्षिक बहस गर्ने, उपलब्धि प्राप्तिका लागि निश्चित कार्ययोजना तर्जुमाका लागि शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको **Sustainable Development Goal4: Education 2030,Nepal National Framework** को प्रबोधिकरण गरिनुका साथै युनेस्कोका आदर्शहरू शान्ति मैत्री तथा आपसी सद्भाव, सहनशीलता,मानव अधिकारको सम्मान,सहकार्य सामूहिक प्रयास, सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण, रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगति तथा समृद्धिको प्रवर्द्धन र संस्थागत विकास जस्ता विभिन्न पक्षहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउन दिगो विकासको लक्ष्य, विश्वनागरिक शिक्षा, युनेस्कोकोको नवप्रवर्तनहरूको प्रचार प्रसारका साथै **Covid 19** को महामारीबाट विद्यालय र समुदायमा परेको असर, चुनौती र आगामी दिनमा आइपर्ने महामारीमा अबलम्बन गर्नु पर्ने आवश्यक रणनीति तयारीका लागि युनेस्को आयोग अर्न्तगतका विषय समिति र विशेष समिति हरू मार्फत विभिन्न अध्ययन प्रतिवेदन तयारी जस्ता कार्यक्रम तेस्रो चौमासिक अवधिमा सम्पन्न गरिएको छ। यसका साथै युनेस्को सचिवालय र राष्ट्रिय शहिद तथा शान्ति पार्क, निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रबर्द्धन व्यवस्थापन समिति गोकर्णेश्वर – ४ बीच भएको सम्झौता बमोजिम आगामी दिनमा युनेस्को ग्राम निर्माणका लागि विभिन्न चरणमा गरिएका छलफल र योजनालाई पनि यस सचिवालयबाट तेस्रो चौमासिक अवधिमा सञ्चालन भएका कार्यक्रमको उपलब्धिको रुपमा लिइएको छ ।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# युनेस्कोको नवप्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम

**क) तार्केश्वर नगरपालिका, काठमाडौं**

मिति २०७७ साल असार २१ गते तार्केश्वर नगरपालिका अन्तर्गत रहेको श्री ग्राम सेवा मा.वि. धर्मस्थलीमा सचिवालयको आयोजनामा विशेष गरि जनप्रतिनिधि , नगरपाकिालका शिक्षा तथा खेलकुद शाखाका पदाधिकारी,स्थानीय संघ सस्थाका प्रतिनिधि, विव्यस अध्यक्ष, विद्यालयहरूका प्रधानाध्यापक र शिक्षकहरूको संलग्नतामा कोभिड १९ महामारीको विशेष अवस्थामा सामाजिक दुरी कायम गरि युनेस्कोका अवधारणा र कोभिड १९ को महामारीले शिक्षामा पुगेको असर र समाधानका उपायहरूको बारेमा अर्न्तक्रियात्मक कार्यक्रम गर्नुको साथै शिक्षाको माध्यमबाट मानव मष्तिष्कमा शान्तिको विजारोपण गरौ भन्ने अभिप्रायका साथ युनेस्कोका विषयक्षेत्रहरू मध्ये जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, भुमण्डलीय नागरिक शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवा वर्ग तयार पार्ने युनेस्कोको अभियानमा प्रतिबद्ध युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले **"युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार"** विषयक अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन भएको थियो।

विद्यालयहरूमा Green, Clean, Safe र Peace लाई प्रवर्द्धन गर्न तयार गर्नु पर्ने कार्ययोजना तयार गर्नु विभिन्न संघसंस्था, गैरसकारी संस्थाहरू र सरकारी संस्थाहरूवीचको साझेदारीमा कसरी Global Citizenship Education लाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने वारेमा जानकारी गराईएको थियो। यस कार्यक्रमको सहजिकरण डा. बावुराम अधिकारी, कुमार बस्नेत र पदमराज जोशीबाट भएको थियो। कार्यक्रममा प्राध्यापक, बुद्धिजिवी र जनप्रतिनिधिहरूले आफ्नो आफ्नो धारणा राख्नु भएको थियो। समग्रमा कार्यक्रमबाट प्राप्त भएका उपलब्धिहरू

## कार्यक्रमका केही झलकहरू














*डा. बावुराम अधिकारी र सहभागिहरू*

## उपलब्धि :

- युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको र सचिवालयको काम, कर्तव्य र उत्तरदायित्वबारे जानकारी भएको ।
- दिगो विकासका लक्ष्य र राष्ट्रिय प्रारुपका आधारमा शिक्षा योजना तर्जुमा गर्ने प्रतिबद्धता
- नगरपालिकाले शिक्षाको योजना तथा कार्यक्रमको लागि आबश्यक पर्ने सबै सहयोग गर्ने प्रतिबद्धता ।
- सबै पक्षहरूको सहभागिताबाट गरिएका अनुभव आदान प्रदानले सिकाइ भएका

## ख) शिखरापुर सामुदायिक सिकाइ केन्द्र, फर्पिङ, दक्षिणकाली न.पा., काठमाडौं

मिति २०७७ साल असार २२ गते दक्षिणकाली नगरपालिकाका जनप्रतिनिधिहरू, केहि विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू, शिखरापुर सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष र सदस्यहरूको सहभागितामा युनेस्कोको नवप्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धि अर्न्तक्रिया विशेष त कोभिड १९ ले पुर्‍याएका असर, चुनौति र समाधानका उपायहरूको बारेमा छलफल भएको र यसको अलावा युनेस्कोका गतिविधिहरूको बारेमा छलफल भएको थियो। हरित विद्यालयको अवधारणा, समुदायहरूको गतिविधिहरूको बारेमा छलफल र अर्न्तक्रिया भएको थियो ।

यस क्रममा दक्षिण काली नगरपालिकाका नगर प्रमुख र उपप्रमुख, शिक्षा तथा खेलकुद शाखाका प्रमुखहरूबाट नगरपालिकामा शिक्षा सँग सम्बन्धित गतिविधिहरूको बारेमा अर्न्तक्रिया भएको थियो। कार्यक्रमको सहजिकरण सचिवालय सचिव श्री खगराज पौड्यालबाट भएको थियो ।

## कार्यक्रमका केही झलकहरू





United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO









*कार्यक्रममा नगर प्रमुख, उप-प्रमुख, सचिवालय सचिव र सहभागिहरू*

## ग) गोकर्णेश्वर नगरपालिका

मिति २०७७ साल असार २४ गते गोकर्णेश्वर नगरपालिका अन्तर्गतका केहि विद्यालयका प्रधानाध्यापक, केहि जनप्रतिनिधिहरू, यज्ञडोल (जगडोल) सामुदायिक बन पर्यापर्यटन प्रबर्द्धन उद्यान व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरू, सामाजिक संघ सस्थाहरूका प्रतिनिधिहरूको सहभागितामा गोकर्णेश्वर नगरपलिकाको नगरप्रमुखको प्रमुख आतिथ्यता, नगर उपप्रमुख सहित नगर शिक्षा प्रमुख, लगायतका महानुभावहरूको उपस्थितिमा युनेस्कोका गतिविधिहरूको बारेमा छलफल र अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न भयो ।

सो क्रममा वर्तमान महामारीले विद्यालय र समुदायमा पारेको असर कोभिड १९ को रोकथामका लागि पालिका र विद्यालयहरूले खेलेको भूमिकाहरूको बारेमा छलफल भएको थियो । छलफलको क्रममा नगरपालिकाले आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाउनुका साथै युनेस्को सङ्ग्राहलय ग्राम निर्माणको लागि आवश्यक




योजना तर्जुमा लगायतका विषयवस्तुहरूको बारेमा छलफल भएको थियो । यस कार्यक्रमको सहजिकरण सहायक महासचिव डा. बावुराम अधिकारीबाट भएको थियो ।

# कार्यक्रमका केही झलकहरू















*कार्यक्रममा सहायक महासचिव, नगर प्रमुख, उप-प्रमुख र सहभागिहरू*

## दिगो विकासको लक्ष्य नं.४

# शिक्षा २०३० राष्ट्रिय कार्यढाँचा प्रबोधिकरण एवम् अन्तर्क्रिया कार्यक्रम

सचिवालयको आयोजनामा मिति २०७७ साल असार २० गते विश्व निकेतन मा.वि. त्रिपुरेश्वरमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका नव नियुक्त सदस्यहरू, प्रधानाध्यापक, विव्यस पदाधिकारी, शिक्षकहरूको सहभागितामा Sustainable Development Goal 4 : Education 2030 विषयक कार्यक्रम सम्पन्न भएको छ। विशेषत उल्लेखित कार्यक्रममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सदस्य प्रा.डा. बालचन्द्र लुइटेलबाट दिगो विकासको लागि शिक्षा सम्बन्धी अवधारणापत्र प्रस्तुत गर्नु भएको थियो।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव श्री जयाप्रसाद आचार्यबाट स्वीकृत कार्यढाँचाको बारेमा सहजिकरण गर्नु भएको थियो।

सहजिकरणको क्रममा कार्यढाँचा कार्यान्वयनको क्रममा देखा पर्ने चुनौति र समाधानका उपायहरूको बारेमा सहभागिहरू बीच अर्न्तक्रिया भएको थियो। कार्यक्रमको संयोजकत्व सहायक महासचिव डा. बावुराम अधिकारीबाट भएको थियो। यसै कार्यक्रमको सर्न्दभमा सहायक महासचिव डा. बावुराम अधिकारीबाट युनेस्को आयोगमा नवनियुक्त सदस्यहरूलाई बधाई तथा स्वागत सहित कार्यकालमा आयोगलाई रचनात्मक सहयोग सहित सफल कार्यकालको शुभकामना मन्तव्य राख्नु भएको थियो।

नवनियुक्त आयोगका सदस्यहरूबाट आयोगलाई आफ्नो तर्फबाट सक्दो रचनात्मक सहयोग उपलब्ध गराई गतिशिल बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको थियो।

### कार्यक्रमको उपलब्धि :

Sustainable Development Goals (SDGs) का १७ वटा लक्ष्यहरू र यससँग सम्बन्धित क्षेत्रहरूको वारेमा महत्वपुर्ण जानकारीका साथै SDG 4 मा उल्लेखित गुणस्तरीय शिक्षाको वारेमा उल्लेख भएका सूचक तथा कार्यक्रमको बारेमा जानकारी गराइएको हुँदा सम्बन्धित सरोकारवालाहरूसम्म दिगो विकासको लक्ष्य नं. ४ मा निर्धारित सूचकका आधारमा स्वीकृत भएको राष्ट्रिय कार्यढाँचा कार्यान्वयमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## कार्यक्रमसँग सम्बन्धित केहि गतिविधिहरू













*कार्यक्रममा प्रा.डा. बालचन्द्र लुइटेल, सहायक महसचिव डा. बाबुराम अधिकारी र उप सचिव जयाप्रसाद आचार्य*

# Mitsubishi Asian Children's Enikki Festa 2019-2020

Mitsubishi Asian Children's Enikki Festa 2019-2020 एसियाका बालबालिकाहरूलाई उनीहरूको चित्र डायरी मार्फत एक आपसमा परिचित गराउने तथा आफ्नो कला र संस्कृतिलाई एसियाका अन्य भागमा प्रचार प्रसार गर्न गराउनका लागि Mitsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations/National Federation of UNESCO Associations in Japan को आर्थिक सहयोगमा युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सार्वजनिक सूचना आह्वान गरी बालचित्र कला प्रतियोगितामा ६ देखि १२ बर्ष उमेरका बालबालिकाहरूलाई **"यहि हो मेरो जीवन"** शिर्षकमा तयार भएका ८ आठ ओटा बालचित्र डायरी जापान पठाइएकोमा सो मध्ये सर्वोत्कृष्ट बालचित्र मनीषा गुरुधामी, वर्ष ११, कक्षा ७, श्री बैजनाथ मा. वि., नयाँ तिलकपुर, कञ्चनपुर, छनौट हुनु भएको छ।

**तपसिल बमोजिमका ८ ओटा उत्कृष्ठ बालचित्र डायरी छनौट भएकोमा जापानबाट आयोजक संस्थाले निम्नानुसार पुरस्कृत गरेको छ।**

| क्र. सं. | विद्यार्थीको नाम | वर्ष | विद्यालयको नाम | प्राप्त भएको पुरस्कारको नाम |
|---|---|---|---|---|
| १ | ब्रिसिका तामाङ, कक्षा ६, | १२ | श्री महमाई आधारभूत विद्यालय, इलाम नगरपालिका ९, इलाम | Excellence Award |
| २ | प्रेममाला यादव, कक्षा ६, | १२ | श्री सिद्धार्थ मा. वि., चिनीमिल, वीरगञ्ज १४, पर्सा | Mitshubishi PAC Award |
| ३ | अविनाश रेग्मी, , कक्षा ४, | ११ | गुडस्टार्ट बोर्डिङ स्कुल, धुनिबेसी न. पा. ६, धार्के बजार, धादिङ | AFUCA Award |
| ४ | भावना भुजेल, कक्षा ४, | ११ | तरुण मा. वि., बालाजु, काठमाडौं | NFUAJ Award |
| ५ | अनुष्का कुमारी, कक्षा ४, | १२ | निलबाराही मा. वि., काठमाडौं | Excellence Award |
| ६ | पूर्णिमा बुढाथोकी, कक्षा ७, | १२ | जयबागेश्वरी मा. वि., नेपालगञ्ज, बाँके | Excellence Award |
| ७ | सन्ध्या शाही, कक्षा ७ | ११ | श्री जनसेवा मा. वि., धुम्रा, सुर्खेत | Excellence Award |
| ८ | **मनीषा गुरुधामी, कक्षा ७,** | ११ | **श्री बैजनाथ मा. वि., नयाँ तिलकपुर, कञ्चनपुर** | **Grand Prix Award (First Position among the Award)** |



*सर्वोत्कृष्ट बालचित्र (मनिषा गुरुधामीबाट तयार गरिएको)*

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO







**यही हो मेरो जीवन**

क्रम संख्या : ५

नाम : मनिषा गुरुधामी

उमेर : ११ जन्म मिति : २०६५।२।१२

बालक/बालिका : बालिका कक्षा : ६

घरको ठेगाना :

विद्यालयको नाम/ठेगाना :

जिल्ला : कञ्चनपुर



*सर्वोत्कृष्ट बालचित्र डायरी (मनिषा गुरुधामीबाट तयार गरिएको)*

# एएसपिनेट र युनेस्को क्लब तथा संघ संस्थाहरूको कार्यक्रम

नेपाल युनेस्को संघ संस्थाा तथा क्लवहरूको राष्ट्रिय महासंघ को आयोजना तथा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सहयोगमा यहि २०७७ साल आषाढ १४ ,१५ र १६ गते काठमाडौको नन्दी मा.वि.नक्शाल भिंएस निकेतन मा.वि.मिनभवन र कंकाली मा.वि.पुरानो नैकापमा “School And Teachers during and after Covid – 19 padimic” विषयक प्रवचन गोष्ठीको आयोजना गरियो । कार्यक्रमहरू युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सहायक महासचिवबाट युनेस्को संघ संस्थाहरूले समाजमा शान्तिको सन्देश फैलाउनु पर्ने कम्तीमा प्रत्येक जिल्लामा कम्तिमा पनि ७ स्थापना हुनुपर्ने बताउनु भयो । सन १९७२ मा स्थापना भएको यस महासंघले विभिन्न आरोह अवरोह पार गर्दै अहिलेको अवस्थामा आइपुगेकोमा बधाई सहित युनेस्कोका आदर्शहरूलाई जनमानसमा पुर्‍याउन योगदान दिनु पर्ने कुरामा जोड दिनु भयो ।

प्रा..डा. प्रेम नारायण अर्यालले युनेस्कोका आदर्शहरूलाइ समाजमा पुर्‍याउनु नै कार्यक्रमको उद्धेश्य रहेको बताउनु भयो। कार्यक्रमका सभापति तथा महासंघका अध्यक्ष आनन्दराज त्रिपाठिले महासंघले युनेस्कोका आदर्शहरूलाई आत्मसात गर्दै अघि बढिरहेको र युनेस्को संस्थााहरूले यसका आदर्शहरूलाई जनमानसमा पुग्ने विश्वास गर्नु भयो

नेपाल युनेस्को महासंघका वरिष्ठ उपाध्यक्ष श्री दिपक सरकारले युनेस्को संघ संस्थाहरूले दिगो विकासका लागि शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमका उपलब्धि तथा चुनौतिहरू, दिगो विकासका लक्ष्य, जलवायु परिवर्तनका असरहरू, चुनौति र समाधानका उपायहरू लगायतका विषयवस्तुहरू समावेस गरी कार्यक्रमको आयोजना गर्न आवश्यक रहेको र महासंघले यस्ता गतिविधिहरूलाई अगाडि बढाइरहेको कुरालाई औल्याउनु भएको थियो। युनेस्को महासंघका महासचिव श्री महेश्वर प्रसाद शर्माले युनेस्को एएसपीनेटका वारेमा बताउनु हुदै विश्वका १८२ देशका करिव ११५०० विद्यालयहरू एसमा आवद्ध रहेको जानकारी दिनु हुदै नेपालमा ७६ वटा विद्यालयहरूले युनेस्को पेरिसवाट प्रमाणपत्र पाएको र करिव १४० वटा विद्यालयले सदस्यताको लागि फारम भरि पेरिस पठाएको जानकारी दिनुका साथै विद्यालयमा Green,Cleen, Sefe , Peace को अवधारणाका विषयमा जानकारी गराउनुका साथै यसवाट महामारीमा वच्न सहयोग पुग्ने बताउनु भयो । यसका साथै एएसपीनेटमा कसरी आवद्ध हुने भन्ने वारेमा बताउनु बताउनु भएको थियो ।

२०७७ साल आषाढ १८गते काठमाडौको नन्दी मा.वि.मा “नेपाल युनेस्को संघ संस्था तथा क्लवहरूको राष्ट्रिय महासंघद्धारा २०७७ असार १८ गते काठमाडौको नन्दी मा.वि नक्शालमा आयोजित “Youth and Adolescoents During and After Covid -19 Pandemic ” विषयक प्रवचन गोष्ठीको आयोजना गरियो । कार्यक्रममा प्रा .डा प्रेम नारायण अर्याल, नेपाल युनेस्को महासंघका वरिष्ठ उपाध्यक्ष श्री दिपक सरकार महासंघका अध्यक्ष श्री आनन्दराज त्रिपाठी र युनेस्को महासंघका महासचिव श्री महेश्वर प्रसाद शर्मासहितबाट कार्यक्रममा सहजिकरण भएको थियो ।

## कार्यक्रमसँग सम्बन्धित केहि गतिविधिहरू







Nepal National Commission for UNESCO







*सहायक महासचिव डा. बाबुराम अधिकारी, प्रा.डा. प्रेमनारायण अर्याल, महासंघ अध्यक्ष आनन्दराज त्रिपाठी, वरिष्ठ उपाध्यक्ष दिपक सरकार, महासचिव महेश्वर शर्मा र सहभागी शिक्षकहरू अर्न्तक्रियात्मक कार्यक्रममा*

## विषय समितिहरूको बैठक

यस आ.व. २०७६।०७७ मा विषय समिति मार्फत सम्पन्न गरिने कार्यक्रम कोभिड १९ ले विद्यालय, समुदाय, संस्कृतिको क्षेत्र, सञ्चारकर्मी र विद्यार्थीहरूमा परेको असर, चुनौति समाधानका लागि अपनाउनु पर्ने रणनीति र सरोकारवालाहरूको भूमिकामाथि समसामयिक अध्ययन गरि अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा गतिविधिहरूलाई अगाडि बढाउने गरि विषय समिति र विशेष समितिमा छलफल भएको थियो ।

सोही छलफल र निर्णयका आधारमा कार्यक्रमहरू सम्पन्न भएका थिए। सम्पन्न भएका अध्ययन कार्यक्रमका निष्कर्षलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

## विषय समितिको अगुवाईमा सञ्चालन गरिएको कार्यक्रम

### आमसञ्चार समिति

कोभिड- १९ महामारीमा नेपालका श्रमजीवी पत्रकारको पेशागत सुरक्षा स्थिति अध्ययन प्रतिवेदन

**संक्षेपिकरण:**

कोभिड १९ को विश्व महामारीको संकट र सो सँगैको बन्दाबन्दीको समयमा स्वास्थकर्मी र सुरक्षाकर्मीहरूले जसरी अग्रपंक्तिमा रहेर काम गरे, त्यसैगरी पत्रकारहरूले पनि अग्रपंक्तिमै रहेर काम गरिराखेका छन्। तर यसरी जनताको आवाज बोल्ने, विभिन्न निकायमा जनताको आवाज पुऱ्याउने र कोरोना संक्रमणविरुद्ध अग्रमोर्चामा रहेर नागरिकलाई सुसुचित र सचेत गर्नेगराउने प्रमुख दायित्व निर्वाह गरिरहेका सञ्चारकर्मीहरूको पेशागत सुरक्षाको निश्चिन्तता भने विद्यमान रहेको पाइएन। मुलुकको राजधानीकै ठूला र स्थापित भनिएका संचारगृहहरू र मोफसलका पनि सबै सातै प्रदेशका संचारसंस्थाहरूले यो लकडाउनको समयमा पत्रकारलाई नियमित तलव खुवाउन नसक्ने भनी कटौतिहरू गरिएको अवस्था रहेको देखियो। यो अवस्थाका विरुद्ध

संचारकर्मीहरूसंवद्ध ११ संस्थाहरू र स्वयम् नेपाल पत्रकार महासंघले समेत आन्दोलन गर्ने योजना बनाएको स्थितिले समस्याको गंभीरतालाई अरु उजागर गर्दछ। श्रमजीवी पत्रकारहरूको पेशागत असुरक्षाको यस्तो अवस्थामा तत्कालीन तथा दीर्घकालीन दुवै थरी समाधानका उपायहरूको खोजी आजको जरुरत रहेको प्रष्ट हुन्छ।

**सुझाव**

- पत्रकारको पेशागत सुरक्षाको सवाल कोभिड १९ को लकडाउनको समय जस्ता संकटका बेलामा मात्र हैन, अरु बेला पनि उठिरहने भएकाले यसलाई तात्कालीन तथा दीर्घकालीन दुवै रुपमा समाधान गर्न संवद्ध संस्थाहरूले पहल गर्नुपर्ने।
- विषम स्थितिमा पत्रकारलाई तलबविहीन हुन नदिन सञ्चार गृहले श्रमजीवी पत्रकार कोष जस्तो जगेडा र स्थायी कोष नै खडा गर्नुपर्ने।
- युनेस्कोले जारी गरेको पत्रकार सुरक्षा मार्गदर्शनलाई सरोकारवालाहरू सबैले सही रुपमा अपनाउनु पर्ने
- श्रमजीवी पत्रकार ऐन, २०५१ कार्यान्वयनको अवस्था विश्लेषण गरी समस्या समाधानका लागि सरकारव्दारा सम्बन्धित पक्षसमेत भई पहल गरिनुपर्ने।
- पेशागत सुरक्षाको निम्ति पत्रकारहरूले पनि नियुक्तिपत्र नभइकन काम गर्न नहुने।
- पत्रकारहरूका मर्काहरूलाई संगठित तवर र व्यवस्थित ढंगमा उठाइनुपर्ने।
- विपतका बेला सञ्चारकर्मीलाई पर्याप्त ज्ञान, सीपको अभाव पनि देखिएकोले यस विषय लगायत पत्रकारहरूको ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागि क्रमशः सबै प्रदेशमा स्थापना गर्ने गरी र केन्द्र स्तरमा पनि जरुरी संस्थागत संरचना स्थापना गर्नुपर्ने।
- सञ्चारगृह वा संस्थाहरूलाई उद्योगको मान्यता दिई सहुलियतपूर्ण कर्जा र अन्य सुविधाका लागि सरकारले पनि सहयोग गरी उनीहरूलाई राहत दिनु पर्ने।

## संस्कृति समिति :

**कोभिड १९ पछिको नेपाली रंगमञ्चको अवस्था**

कोभिड १९ पछि मुख्यतया सरकार तथा अन्य जिम्मेवार निकायहरूले यस संकटको घडीमा कला, साहित्य र मनोरञ्जनलाई मानिसको जीवनको प्राथमिक आवश्यकतामा नपारेको देखियो। पहिला बाँच र स्थिति सबै ठिक भएपछि मात्रै कला, साहित्य र मनोरञ्जन तिर लाग भन्ने व्यवहार देखाइयो। खासमा सबै कुरा ठिक भएपछि भन्ने स्थिति कहिल्यै आउँदैन। कोभिड १९ अघि पनि हामी सबै कुरामा ठिक थिएनौँ। त्यसैले संकटकै बेलामा कला साहित्य तथा मनोरञ्जनले पनि सहयात्रा गर्ने हो। आजको युगमा मानिसलाई बाँच्नको लागि हरेक दिन चाहिने तत्व भैसकेको छ कला, साहित्य तथा मनोरञ्जन। लकडाउन र क्वारेन्टिनको समसयमा आममानिसलाई गीतसंगीत, चलचित्र, चित्रकला, साहित्यले दैनिक जीवनलाई सहज बनाउन धेरै ठुलो मद्दत गरेकोछ। तर, यही क्षेत्र हाम्रो जस्तो देशमा अपहेलित छ। आम मानिसहरूलाई जनचेतना, जागरण र सकारात्मक मानसिक सोच निर्माणका लागि पनि यस समयमा कलालाई ब्यापक रुपमा प्रयोग गर्नु आवश्यक छ। विकसित मुलुकहरू न्युजिल्याण्ड, युके तथा युरोपका धेरै देशहरूमा थिएटरलाई विशेष आर्थिक सहयोग दिएर यसबेला नयाँ किसिमका गतिविधिहरूको लागि उत्प्रेरित गरिएकोछ। हाम्रो जस्तो देशमा विस्तारै अनेकौं सामाजिक मुद्धाहरूमा खुल्ला ठाउँमा रंगकर्म गर्ने ब्यवस्था गर्न सकिन्छ। नाट्यकर्मीहरूलाई एउटा बृहत अभियानमा लगाएर आम मानिसहरूलाई बैचारिक रुपमा चलायमान बनाउन सकिन्छ। त्यसका लागि स्वतन्त्र नाट्य संस्था, नाटकघर तथा नाट्यकर्मीहरूलाई सम्बोधन गर्न आवश्यक देखिन्छ।

हाल स्वतन्त्र नाट्यकर्मी तथा नाट्यसँस्थाहरू आफैं पनि बिकल्पहरूको खोजिमा भएको हुनाले यस संकटकै घडीमा केही सिर्जनशील विकल्पहरूको खोजीमा छन्। कोभिड १९ को प्रभाव कति लामो समयसम्म जानसक्छ भन्ने ठ्याक्कै भन्न सक्ने अवस्था छैन। डब्लुएचओको अनुमान र घोषणा अनुसार कोरोना भाइरस लामो समयसम्म रहनसक्ने र मानिसहरूले साबधान र सुरक्षित रहेर फेरि पुरानै समयमा फर्कनु पर्ने अवस्था छ। त्यसैले नेपाली रंगकर्मीहरूको प्रयत्न पनि विस्तारै सडक नाटक, कचहरी नाटक वा अन्य खुल्ला रंगमञ्चको विकल्प खोजिनु पर्नेमा देखिन्छ। यस्तो अवस्थामा यस विकल्पका लागि सहयात्रा गर्ने तथा सहयोग गर्ने संस्थाहरूको खाँचो छ।

## सामाजिक र शिक्षा समिति :

**सामाजिक र शिक्षा समितिले संयुक्त रुपमा गरेको अध्ययनका आधारमा प्राप्त निष्कर्ष निम्नानुसार रहेको छ।**

**Conclustion of study :**

Inclusive Education and Impact of COVID-19 on Education, a mini research has been conducted by Social Committee under Nepal National Commission for UNESCO. This research included two concepts, inclusive education and Impact of COVID-19 on Education. The concept of inclusive education discussed about the mainstreaming education that has not been able to address all groups of people to pursue degree on higher education. The information used in this research was from the previous research conducted in Kavre and Kathmandu District. The impact of COVID-19 on Education focused on the recent pandemic that affected highly on Education sectors. The information was collected from students studying in

Masters Level in Tribhuvan University and schools teachers who are teaching Lower Secondary Level in Government Schools. The outcomes of this research shows that students studying in Higher education representing ethnic and minority groups explains about the barriers they faced while pursuing their degree in higher education. They faced not only economic barriers but also faced social and cultural barriers in their daily lives. Social and cultural stereotyped are common issues they realized that dragged them to stay behind in attaining higher education. The impact of COVID-19 has highly affected on the student's lives both in higher and school levels. Students' studying in Master's Level faced direct impact on economy, social and psychological aspects besides the risk of getting infected from the virus. Besides having several government initiations on promulgating different educational policies, implementation has been always challenging to fulfill the concept of Education for All.

## विज्ञान र International Hydrology Program :

**विज्ञान र आइएचपि समितिले Building Science Chasing Corona Virus विषयक कार्यमूलक अनुसन्धान गरि प्राप्त प्रतिवेदनको आधारमा प्राप्त निष्कर्ष निम्नानुसार रहेको छ ।**

**Conclusion of Study;**

Human civilization is fighting against SARSCOV-2, COVID-19 had already taken more than 500000 lives and still human civilization in fighting for new normal. Goble Anthropause caused by sarccov-2 has already change our behavior and establishing new order or lifestyle. During this lockdown not only human but wildlife area are also going through huge impact. The impacts on wildlife can be categorized in three different dimension i) wildlife are having more free space and time without human interference, wildlife quickly return to their natural behavior and are enjoying absence of human disturbances in their habitate and near their habita. ii) Threat in wildlife in greatly increased due to lockdown. Poaching and smuggling activities are massively increased not only outside the protected area but also inside the procted area. Procted areas in Nepal are facing three to four times more pressure by poachers and smugglers to conserve wildlife and biodiversity. All protected ares in Nepal increased their patrolling frequency by twice to thrice in number in initial months of lockdown. Wildlife rescue is and emerging issue for biodiversity conservation and reducing human resources for this increasing challenging job conservation.

**Recommendation;**

There are few recommendation highlighted from this study

1. Participation of local government and provincial government in conservation of wildlife inside protected areas is not permitted by law. Therefore, the role of provincial government and local government in procted area need to be discussed.
2. Nepal needs trained wildlife rescuers in respective DFOs and protected Areas for wildlife rescue and reducing human wildlife conflict.

## कार्यकारिणी समितिको बैठक

मिति २०७७ साल असार २८ गते शिक्षा,विज्ञान तथा प्रविधि मन्त्री मा.गिरिराजमणि पोखरेलज्यूको अध्यक्षतामा आयोगको कार्यकारिणी समितिको बैठक सम्पन्न भयो । सो बैठकमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारीले ऐजेण्डा सहित वार्षिक सभामा पेस गरिने प्रतिवेदन अनुमोदनको लागि पेस गर्नु भएको थियो सोहि बमोजिम कार्यकारिणी समितिको बैठकले मिति २०७७ साल असार २९ गते भर्चुअल जुम बैठकको माध्यमबाट वार्षिक सभा सम्पन्न गर्ने निर्णय भएको थियो । बैठकमा वर्तमान अवस्थामा कोभिड १९ को महामारीले शिक्षा, सामाजिक, सञ्चार, संस्कृतिको क्षेत्रमा पारेको असर असर न्यूनीकरणको लागि अपनाउनु पर्ने विभिन्न उपायहरूको बारेमा छलफल एवम् अर्न्तक्रिया भएको थियो ।

### बैठकको झलक







*मा. मन्त्रीज्यूको अध्यक्षतामा कार्यकारिणी समितिको बैठक*

# युनस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको ३२ औं वार्षिक सभा

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयबाट आयोगको वार्षिक सभा जुम बैठक भर्चुअल बैठकको माध्यमबाट आयोगका अध्यक्ष एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. गिरिराजमणि पोखरेलज्यूको अध्यक्षतामा मिति २०७७ साल असार २९ गते सम्पन्न भयो। कार्यक्रममा सहायक महासचिव डा. बाबुराम अधिकारीबाट आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत भयो। प्रस्तुत प्रतिवेदनमा आयोगका विद्‌वान सदस्यहरू प्रा.डा. बालचन्द्र लुइटेल, प्रा.डा. रमेश कुमार मास्के, विमल फुयाल, नानीमैया पराजुली , हरिगोविन्द लुइटेल, गोविन्द आचार्य, उद्धव खरेल, ई.गणेश शाह, भरतराज पौडेल, हेरम्बराज कँडेल, शंकर अधिकारी, डा. जानुका नेपाल, सरिता अर्याल, विमल केडिया, विष्णु प्रसाद भट्ट, आनन्दराज त्रिपाठी, बलराम तिमल्सिना, प्रा.डा. हृदयरत्न बज्राचार्य, बाट प्रस्तुत प्रतिवेदन माथि टिप्पणी र आगामी दिनमा गर्नु पर्ने कार्यक्रमहरूको बारेमा सुझाव राख्नु भयो।

कार्यक्रमको अन्त्यमा सभाका अध्यक्ष एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. गिरिराजमणि पोखरेलज्यूबाट दिगो विकास लक्ष्यमा समावेश शिक्षासम्बन्धी लक्ष्यलाई प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्न त्यसको प्रारुप तर्जुमाको तयारी भइरहेको छ। दिगो विकासको लक्ष्य नं ४ मा भएका शिक्षासम्बन्धी प्रतिबद्धता र प्राथमिकताको राष्ट्रिय कार्यान्वयन ढाँचा तयार भइसकेकाले अब प्रदेश र स्थानीय तहमा निर्माण गरिने जनाउनु भएको थियो। संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्मका लागि तयार गरेको उक्त लक्ष्यमा सबैका लागि 'समावेशी, समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइको प्रवर्द्धन' का विषयवस्तु उल्लेख गरिएका छन्।

आयोगका अध्यक्ष मा. मन्त्रीज्यूले राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान तथा नवप्रवर्तन नीति जारी भइसकेकाले त्यसको कार्यान्वयनमा पनि सरकार लागि रहेकाले विद्यमान कोरोना महामारीको विषम स्थितिमा विज्ञान, प्रविधि र अनुसन्धानलाई आत्मसात् गर्दै सबैले शैक्षिक विकासमा पहल गर्नुपर्नेमा जोड दिनुभयो। "हाम्रा विश्वविद्यालयले ज्ञान दिने मात्रै होइन, नयाँ युगतर्फ जान लागेको समयलाई बुझेर ज्ञान निर्माण गर्न अनुसन्धानलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ। नयाँ पुस्तालाई सकारात्मकतातर्फ डोऱ्याएर लानसक्ने शिक्षाको विकास गर्न आवश्यक छ", मन्त्री पोखरेलले भन्नुभयो, "हामीले थोत्रा कुरा भत्काएर नयाँ बनाउनुपर्छ, यसका लागि तागत चाहिन्छ। सबै शिक्षाकर्मीको जोड यसमा हुनुपर्छ। युनेस्को सचिवालयले पनि यसका लागि नयाँ आर्थिक वर्षको शुरुमै स्पष्ट खाका ल्याएर कार्यान्वयन गरोस्।

सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आयोगका सहायक महासचिव डा बाबुराम अधिकारीले विषयगत समितिका लागि सम्पर्क व्यक्ति तोकी समन्वय र सहकार्य बढाइने बताउँदै स्रोतसाधनको दायरामा वृद्धि गरिने जनाउनुभयो। उहाँले युनेस्को सचिवालय र निजामती स्मारक पार्क, यज्ञडोल सामुदायिक वन पर्या-पर्यटन व्यवस्थापन समितिबीच युनेस्को सङ्ग्रहालय ग्राम निर्माणका लागि सम्झौता भएको पनि जानकारी दिनुभयो।

आयोगले युनेस्को क्लबमा आबद्ध विद्यालयको संख्या ७४ बाट बढाइ १०५ पुऱ्याउने लक्ष्य दिएको छ। शुभकामना मन्तव्यको क्रममा युनेस्को काठमाडौँका शिक्षा प्रमुख बलराम तिमल्सिनाले सचिवालयले दीगो विकासका लक्ष्यमा समावेश भएका कार्यक्षेत्रको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निवाह गर्दै आएको बताउनुभयो। सभामा पूर्वविज्ञानमन्त्री गणेश साह, नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य, आयोगका सदस्य रहेका विभिन्न विश्वविद्यायका उपकुलपति तथा प्राध्यापक र विभिन्न मन्त्रालयका प्रतिनिधिको सहभागिता थियो। आयोगले युनेस्कोको विश्वव्यापी मान्यता र आदर्शलाई मार्गदर्शन बनाउँदै शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार, सामाजिक, मानव तथा जीवनमण्डल र अन्तरराष्ट्रिय हाइड्रोलोजिकल कार्यक्रमका कार्यक्षेत्रमा काम गर्दै आएको छ।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# कार्यक्रमका केहि झलकहरू





*कार्यक्रममा माननीय मन्त्रीज्यू र सहायक महासचिवज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत हुदै ।*

# विद्यालय लघुपरियोजना सञ्चालन अनुदान निकासा

भूमण्डलीय नागरिक शिक्षा, जलवायु परिवर्तन असर न्युनीकरण सम्बन्धी विद्यालयले सञ्चालन गर्ने लघुपरियोजना कार्यान्वयनका लागि युनेस्को सहभागितामूलक कार्यक्रम र लघुपरियोजना सञ्चालन अनुदान कार्यक्रमबाट सबै प्रदेशका ७ ओटा विद्यालयहरू र काठमाडौं उपत्यकाका ८ ओटा विद्यालयहरूलाई शिक्षा, विकास तथा समन्वय इकाइ र सम्बन्धित नगरपालिकाहरूको सिफारिसमा जम्मा देहाय बमोजिमको कार्य सम्पन्न गर्ने र सो को विस्तृत प्रतिवेदन युनेस्को सचिवालयमा पेस गर्ने गरि जम्मा १५ ओटा विद्यालयहरूको छनौट गरि निम्नानुसारको रकम विद्यालयको खातामा निकासा गरिएको छ ।

**छनौट भएका विद्यालयहरूले गर्नु पर्ने कार्यहरू :**

- विद्यालयको कक्षा कोठा र विद्यालय वरिपरिको वातावरण हरियाली, स्वच्छ, शान्त र सुरक्षित बनाउन उपयुक्त प्रस्ताव सहितको विस्तृत कार्ययोजना निर्माण गर्ने । (जस्तै डस्टविन व्यवस्थापन, वृक्षा रोपण, बालबालिकालाई डस्टविनको उचित प्रयोग र एक आपसमा गर्नु पर्ने व्यवहारको बारेमा आवश्यकताको आधारमा सचेतिकरण कार्यक्रम, रोपिएका विरुवा तथा फूलहरूको हेरचाहको लागि अपनाउनु पर्ने रणनीति, Green, Clean, Peace र Safe को लागि आवश्यकताको आधारमा विद्यालयले आवश्यक कार्यक्रम तथा कृयाकलाप तर्जुमा गर्ने )
- विद्यालयले निर्माण गरेको कार्ययोजनामा जलवायु परिवर्तन, जैविक विविधता, प्रकोप न्यूनीकरण,वातावरणीय सरसफाई,प्रदुषण न्युनीकरण, दिगो उपभोग (दिगो विकाससँग सम्बन्धित क्रियाकलाप समावेश गर्ने जस्तै विद्यालयलाई प्राप्त रकमको उचित प्रयोगको लागि विद्यालय व्यवस्थापन समितसँग छलफल गरि गरिने कृयाकलापहरू निर्धारण गर्ने )
- विद्यालयले बालबालिकाहरूको लागि सामाजिक,सांस्कृतिक, नैतिक, धार्मिक सहिष्णुता र विश्वबन्धुत्व सहितका उविविध विषय क्षेत्रमा जानकारी र सचेतनामूलक कार्य गरिरहेको हुँदा आवश्यकता अनुसार यस खालका गतिविधिहरूलाई समेत कार्ययोजनामा समावेश गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- विद्यालयले प्राप्त गरेको रकम प्रचलित आर्थिक ऐन तथा नियम बमोजिम विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई खर्च गर्नु पर्नेछ ।
- विद्यालयले प्राप्त गरेको रकमको खर्चको विवरण र प्रगति प्रतिवेदन अनिवार्य रुपमा यस सचिवालयमा पठाउनु पर्नेछ ।

अतः विद्यालयहरूलाई Green, Clean,Peace and Safe को क्षेत्रमा कार्य गर्नको लागि निश्चित ढाँचामा परियोजना प्रस्ताव तयार गरि सोहि बमोजिमका क्रियाकलापहरूलाई सम्पन्न गर्नको लागि देहाय बमोजिमका विद्यालयहरूको लागि निम्नानुसारको रकम विद्यालयको खातामा निकासा दिइएको छ ।

| क्र.सं. | विद्यालयको नाम | प्रदेश | निकासा रकम |
|---|---|---|---|
| १ | श्री रत्न मा.वि. सोल्मा, लालिगुँरास न.पा. ८, तेह्रथुम | १ | रु १ लाख |
| २ | श्री राम मा.वि. मटिहानी, महोत्तरी | २ | रु १ लाख |
| ३ | श्री नवजीवन मा.वि. ककनी, नुवाकोट | बागमती | रु १ लाख |
| ४ | श्री ज्ञानज्योति मा.वि. अजिरकोट ३, गोररखा | गण्डकी | रु १ लाख |
| ५ | श्री जनकल्याण मा.वि. पदमपुर, बबइ गा.पा. दाङ | ५ | रु १ लाख |
| ६ | श्री भेरी मा.वि. रानीघाट बराहताल गा.पा. सुर्खेत | कर्णाली | रु १ लाख |
| ७ | श्री भागेश्वर मा.वि. परशुराम न.पा. ४, कटाल डडेलधुरा | सुदूर पश्चिम | रु १ लाख |
| ८ | श्री ओखेनी मावि सुन्दरीजल | गोकर्णेश्वर नगरपालिका काठमाडौं | रु ५० हजार |
| ९ | श्री खगेन्द्र नवजीवन मावि नारायणटार | गोकर्णेश्वर नगरपालिका काठमाडौं | रु ५० हजार |
| १० | श्री बालसुधार मावि नयाँपाटी | गोकर्णेश्वर नगरपालिका काठमाडौं | रु ५० हजार |
| ११ | श्री ग्राम सेवा मा धर्मस्थली | तार्केश्वर नगरपालिका काठमाडौं | रु ५० हजार |
| १२ | श्री सरस्वती मावि ठेचो | गोदावरी नगरपालिका ललितपुर | रु ५० हजार |
| १३ | श्री नवज्योति मावि झरुवारासी | गोदावरी नगरपालिका ललितपुर | रु ५० हजार |
| १४ | श्री महेन्द्र शान्ति मावि बालकोट | सूर्यविनाय नगरपालिका भक्तपुर | रु ५० हजार |
| १५ | श्री महेन्द्र ग्राम मा वि सुडाल | चाँगुनारायण नगरपालिका भक्तपुर | रु ५० हजार |

## यस आ.व. २०७६।०७७ मा सचिवालयले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरू

- युनेस्कोले विश्वव्यापी रुपमा अवलम्वन गरेका युनेस्कोका शिक्षा लगायतका विभिन्न अन्तरराष्ट्रिय मञ्चमा नेपालको उपस्थिती उपलब्धीमूलक रहेको। युनेस्कोको ४० औं महासभामा नेपालको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणी पोखरेलज्यूको नेतृत्वमा नेपाली प्रतिनिधि मण्डलले भाग लिएको, मा. मन्त्रीज्यूबाट महासभामा सम्बोधन भएको।
- शिक्षा, संस्कृति, आम-सञ्चार, विज्ञान तथा सामाजिक क्षेत्रमा युनेस्कोबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगले Green, Clean, Peace and Safe सम्बन्धी क्रियाकलापमा सहयोग पुगेको।
- युनेस्को विषय क्षेत्रमा सञ्चालन भएका अनुसन्धानबाट Policy Feedback प्राप्त भएको।
- समुदायमा आधारित संस्थालाई युनेस्को सम्वद्ध क्षेत्रमा परिचालन गरी युनेस्कोको वारेमा परिचित गराउने कार्य भएको।
- युनेस्कोका नविनतम अवधारणलाई प्रदेश तथा स्थानीय स्तरसम्म प्रचार प्रसार मार्फत पुर्‍याउन सहयोग पुगेको।
- युनेस्कोबाट नेपाललाई प्राप्त हुने क्षमता विकासका अवसरहरूमा वृद्धि भई जनशक्तिको क्षमता तथा सीप विकासमा सहयोग पुगेको।
- विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बैठकहरूमा युनेस्को सचिवालय, मन्त्रालय र अन्य विभिन्न निकायबाट सहभागिता भएको।
- युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको ३२ औं वार्षिक सभा सम्पन्न भइ आवश्यक सुझाव तथा पृष्ठपोषण प्राप्त भएको।

**भावी कार्यक्रम**

- युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले अन्य विभिन्न देशका युनेस्को आयोगहरूका साथै विशेष गरी SAARC राष्ट्का आयोगहरूसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिदै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ सस्थाहरूसँगको सहकार्यमा युनेस्कोको आदर्श बमोजिमा गतिविधिहरूलाई प्राथमिकताका साथ अगाडि बढाईने।
- दिगो विकासको लक्ष्य नं. ४ : शिक्षा सन् २०३० (SDG4: Education 2030 Nepal National Framework) बमोजिमका निर्धारित लक्ष्य बमोजिमका सूचकहरू प्राप्त गर्नका लागि सचिवालयले केन्द्र (शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेस (सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय) र स्थानीय तह (पालिकाहरू) तीनै तहका सम्बन्धित मन्त्रालय र निकायहरूसँगको समन्वयमा प्रबोधिकरण गरिने।
- प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्दै Life Long Learning Education को विविध विषय क्षेत्रलाई समतामूलक र समावेशी ढंगबाट समेट्ने र Transformative Learning का गतिविधिहरूलाई सम्बन्धित निकायहरूसँगको समन्वयमा योजना तर्जुमा गरि क्रियाकलाप अगाडि बढाइने।
- युनेस्को सचिवालय र राष्ट्रिय शहीद तथा शान्ति पार्क, निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रवर्द्धन तथा उद्यान व्यवस्थापन समिति, गोकर्णेश्वर न. पा. वडा नं. ४ बीच साझेदारीमा कार्य गर्न युनेस्को ग्राम स्थापना गर्नका लागि भएको दुईपक्षीय सम्झौता बमोजिम नेपाल सरकार र अन्य राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय गरी आर्थिक स्रोत जुटाउने र निर्माण कार्य अगाडि बढाउन स्रोत पहिचान र व्यवस्थापन गरिने कार्यलाई अगाडि बढाइने।
- आयोग अर्न्तगतका विषय समिति र विशेष समितिहरूसँग सम्बन्धित कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म पुग्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नका साथै आयोगका गतिविधिहरूलाई नागरिक तहमा समेत जानकारी गराउन रेडियो नेपाल लगायत अन्य सञ्चार माध्यमबाट साप्ताहिक कार्यक्रमका लागि साझेदारी गरिने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।

## नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको दिगो विकास लक्ष्य ४: शिक्षा सन् २०३० को नेपाल राष्ट्रिय कार्यढाँचा

**पृष्ठभूमी:**

अन्तराष्ट्रियरुपमा नेपालले गरेको प्रतिबद्धता बमोजिम दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये लक्ष्य नं. ४ शिक्षाका सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट जारी नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्ग चित्र सन् २०१६–सन् २०३० मा समावेस भएका विश्वव्यापि सूचकहरूको पुनरावलोकन गरि लक्षित उद्देश्य हासिल गर्न शिक्षाको सन्दर्भमा छुट्टै राष्ट्रिय कार्यढाँचा स्वीकृत गरि क्रियाकलाप अगाडि बढाउनका लागि विभिन्न विज्ञहरूको समूह गठन भएको र सो विज्ञहरूको समितिलाई कार्यढाँचा तयारीकालागि आवश्यक प्राविधिक सहयोग र विभिन्न निकायहरूसँगको सहकार्य र समन्वयमा युनेस्को सचिवालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। सो को परिणाम स्वरुप नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले दिगो विकास लक्ष्य ४: शिक्षा सन् २०३० को नेपाल राष्ट्रिय कार्यढाँचा स्वीकृत गरि सोहि बमोजिमको उद्देश्य प्राप्तिका लागि शिक्षा क्षेत्रका विभिन्न नीतिगत र कार्यगत गतिविधिहरू राज्यका तीन ओटै सरकारसँगको समन्वयमा अगाडि बढाईरहेको वर्तमान अवस्थामा उक्त कार्यढाँचाको कार्यकारी सारांश देहाय बमोजिम रहेको छ।

**कार्यकारी सारांश**

नेपालले शिक्षालाई मानव पुँजी विकासको पूर्वशर्तका रूपमा अंगिकार गरेको छ। शिक्षाको जग सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौतिक

संरचनामा आधारित हुन्छ। मुलुकको सन् २०२२ सम्ममा विकासशील देशको हैसियतमा पुग्ने र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रूपान्तरण हुने योजनामा शिक्षाले उत्प्रेरकको भूमिका खेल्छ। यसले सन् २०४३ सम्ममा **समृद्ध नेपाल, सुखी नेपाली**को दीर्घकालीन दूरदृष्टिलाई साकार पार्ने छ। शिक्षाको यही महत्त्वपूर्ण भूमिकालाई आत्मसात् गरी नेपालको संविधानले नागरिकको शिक्षाको हकको सुनिश्चितता गरेको छ। एउटा सुदृढ सार्वजनिक शिक्षा प्रणाली नै राष्ट्रिय आकाङ्क्षाको मेरुदण्ड भएकाले यसै सन्दर्भमा सरकारले आगामी दश वर्षलाई सामुदायिक विद्यालय सबलीकरण दशक (२०७५-२०८४) घोषणा गरेको छ।

नेपालले सन् २०१५ मे महिनामा इन्चोन घोषण पत्रमा हस्ताक्षर गरेको छ। यसमा 'समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको प्रवर्धन गर्ने' लक्ष्य तोकिएको छ। त्यसै गरी सेप्टेम्बर २०१५ मा नेपालले राष्ट्र प्रमुख तथा उच्च स्तरीय पदाधिकारी सहितको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकमा दिगो विकासको एजेन्डा "हाम्रो विश्वको रूपान्तरणः दिगो विकास एजेन्डा, २०३०" को सम्झौतामा हस्ताक्षर गरेको छ। दिगो विकास लक्ष्यका लागि बृहत् एजेन्डाको आधारभूत तत्त्वका रूपमा यस लक्ष्यको प्राप्तिमा जोड दिनुपर्ने आवश्यकतामा केन्द्रित हुँदै उक्त सम्झौताले शिक्षा २०३० लाई दिगो विकासको लक्ष्य ४ (दिविल ४) का रूपमा मान्दै यसलाई अङ्गीकार गरेको छ। मुलुकले दिविल हासिल गर्नका लागि शिक्षा सन् २०३०: सार्क कार्यढाँचामा पनि हस्ताक्षर गरेको छ। राष्ट्रिय दूरदृष्टि तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता दुवैमा योगदान गर्नका लागि नेपाल राष्ट्रिय कार्यढाँचाको पनि विकास गरिएको छ। स्थानीय संस्कृति, ज्ञानको प्रणाली, इतिहास, परम्परागत सिप तथा सृष्टि विज्ञानलाई आधारका रूपमा लिई नेपालको शिक्षाका विषयवस्तु तय गर्न पूर्वीय दर्शनले सहयोग गर्ने छन्।

इन्चोनमा सम्झौता गरिएका आधारभूत सिद्धान्तअनुरूप सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न नेपाल राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारका यी दीर्घकालीन दूरदृष्टिलाई अनुसरण गर्छ - (अ) शिक्षा मौलिक मानव अधिकार हो, (आ) शिक्षा सार्वजनिक हितको विषय हो, यसको दायित्व राज्यको हुन्छ, (इ) लैङ्गिक समानता सबैका लागि शिक्षासँग अभिन्न रूपमा गाँसिएको हुन्छ, र (ई) सबै तह र परिवेशमा सान्दर्भिक, समतामूलक र प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्न शिक्षा पर्याप्त गुणस्तरीय हुनुपर्ने कुराको सुनिश्चिता गर्ने। दिगो विकास लक्ष्य ४: शिक्षा २०३० लाई अगुवाइ गर्ने जीवनपर्यन्त शिक्षाको अवधारणालाई यसले अझै जोड दिन्छ।

यस कार्यढाँचाका उद्देश्यहरूः (अ) समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको प्रवर्धन गर्नु, (आ) शान्तिको संस्कृति, नागरिक चेतना, दिगो व्यवहार, सामाजिक सहिष्णुता तथा साझा मूल्यहरूको प्रवर्धन गर्नु, (इ) उन्नत तथा दिगो जीवनयापन, रोजगारी तथा आर्थिक विकासमा योगदान गर्नका लागि सिपहरूको सिकाइ तथा उद्यमशीलताको प्रवर्धन गर्नु, (इ) ज्ञानमा आधारित आर्थिक विकासमा सघाउ पुर्‍याउन सूचना, सञ्चार तथा प्रविधि (सूसंप्र) को प्रयोग, वैज्ञानिकता उन्मुख, प्रवर्तन तथा ज्ञानको सिर्जनालाई सुदृढ गर्नु, र (ई) शिक्षा क्षेत्रको सेवा प्रवाहलाई अभिवृद्धि गर्न संस्थागत क्षमतालाई सुदृढ गर्नु। दिगो विकास, समवेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि छुट्न हुँदैन भन्ने कुराको सुनिश्चितता नै यसको प्रमुख मुद्दा हो। लिङ्ग, सामाजिक-आर्थिक स्थिति, अपाङ्गता, जात/जातिका आधारमा हुने विभेदलाई हटाउने कुरामा सबै सिकाइ थलोले अगुवाइ गर्ने छन् भन्नेमा सुनिश्चित हुन विशेष ध्यान दिनुपर्छ। सबैले हासिल नगरेसम्म शिक्षाको कुनै पनि लक्ष्य हासिल भयो भनी मनिने छैन भन्ने कुरामा सहमति भएको छ। त्यसैले शिक्षाको क्षेत्रमा एउटा सुदृढ समता रणनीतिको आवश्यकता देखियो। नेपालको जनसङ्ख्यामा उच्च विविधता भएकाले शिक्षामा समताको सुनिश्चितता ल्याउने प्रयासमा पनि सघनता ल्याउनु उत्तिकै महत्त्वपूर्ण छ।

नेपालको संविधान २०७२ को घोषणासँगै मुलुकको प्रशासनिक संरचना पनि सङ्घीय प्रणालीमा रूपान्तरित भयो। शिक्षा पनि तीनै तहका सरकार (सङ्घीय, प्रदेश र स्थानीय) को प्राथमिकतामा पर्‍यो। यसै परिप्रेक्ष्यमा सामान्यतया दिगो विकास लक्ष्य, विशेष गरी लक्ष्य ४ को मूल भावनालाई हासिल गर्ने ध्येयले शिक्षा प्रणालीको रूपान्तरण गर्न यो दस्ताबेजको तयारी गरिएको हो।


**प्रमुख सल्लाहकार**
डा. संजय शर्मा

**विशेष सल्लाहकार**
डा. बाबुराम अधिकारी

**सल्लाहकार**
श्री खगराज पौड्याल

**सम्पादक**
श्री कुमार बस्नेत
श्री उषा लामिछाने
श्री शंकर अधिकारी
श्री नगेन्द्र प्रसाद दाहाल
श्री उषा पोखरेल
श्री पदम राज जोशी

**व्यवस्थापक**
श्री विक्रम वानिया
श्री शिव प्रसाद सुयल
श्री शिव राम बस्नेत

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी
श्री शेर बहादुर तामाङ

United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेवसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com